Volume 10, Issue 9, 2025

# सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्वशैली

केशरकुमार राई
सहायक प्राध्यापक
दिक्तेल बहुमुखी क्याम्पस
raikeshar2030@gmail.com

DOI: https://doi.org/10.3126/dmcj.v10i9.90606

## सार

*यस लेखको मुख्य उद्देश्य सामुदायिक विद्यालयका प्रधानाध्यापक (प्र.अ.) हरूको नेतृत्व शैली पहिचान गर्नु, प्रधानाध्यापकको नेतृत्व शैलीलाई प्रभाव पार्ने तत्त्वहरु खोजी गर्नु, सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको नेतृत्व सम्बन्धि समस्या पत्ता लगाउने ति समस्याहरूका समाधानका उपायहरु खोजि गर्नु रहेको छ ।*

*प्रस्तुत लेख मिश्रित अनुसन्धान ढाँचा प्रयोग गरी तयार पारिएको छ । प्राप्त तथ्याङ्कहरू व्याख्या विश्लेषण र तुलना गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । अध्ययनका लागि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको दश वटा सामुदायिक माध्यमिक विद्यालयहरूलाई उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा दश वटा माध्यमिक विद्यालयका दश जना प्रधानाध्यापकहरू, चालिस जना शिक्षकहरू, पचास जना विद्यार्थीहरू, तीस जना अभिभावकहरू, बीस जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र तीन जना शिक्षा प्रशासकहरु नमूना जनसंख्याको रुपमा लिइएको छ । तथ्याङ्कको स्रोतको रुपमा धेरै जसो प्राथमिक तथ्याङ्क र केही द्बितीय तथ्याङ्क प्रयोग गरिएको छ । विद्यालयहरूमा प्रत्यक्ष अवलोकन साथै शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू, विद्यालय व्यवस्थापन समितिहरू, प्रधानाध्यापकहरू, नगर शिक्षा शाखा प्रमुख, विद्यालय निरीक्षक (वि. नि,.), शिक्षा विकास तथा समन्वय प्रमुखसँगको छलफल र अन्तरक्रिया गरी भराइएका प्रश्नावलीका आधारमा अध्ययन गरिएको छ । यस अध्ययनमा तथ्याङ्क संकलन, बिश्लेषण र प्रस्तुतिकरण गर्ने कार्यमा सहायक स्रोतका रूपमा विभिन्न लेख, रचना, शोधपत्र, शैक्षिक निति नियम एवम् तथ्याङ्कलाई आधार लिइएको छ ।*

*शिक्षक, विद्यार्थी, अभिभावकहरू, विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.)बाट संकलित सूचनाका आधारमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका विद्यालयहरूका अधिकांश विद्यालयहरूका प्र.अ.हरूको नेतृत्वशैली प्रजातान्त्रिक रहेको देखिएको छ । न्युन केही विद्यालयका प्र.अ.हरूका नेतृत्वशैली स्वतन्त्र र निरङ्कुश रहेको पाइयो । नेतृत्वमा राजनैतिक दलको हस्ताक्षेप, प्र.अ.हरूको असफलताको कारक तत्वको रूपमा रहेको तथा पुनर्ताजगि तालिमको अभाव जस्ता विभिन्न कारणले गर्दा प्र.अ.को नेतृत्वशैली प्रतिफलयुक्त हुन सकेको देखिदैन ।*

*शिक्षा शाखा प्रमुख, वि.नि. तथा शिक्षा विकास तथा समन्वय इकाईबाट निरीक्षण अनुगमनको अवस्था कमजोर रहेको देखिन्छ । जसका कारण प्र.अ.हरूले स्थलगत रुपमा पृष्ठपोषण लिन सकेको छैन । यस दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका अधिकांश विद्यालयका प्र.अ.हरूले प्रजातान्त्रिकशैली अबलम्वन गरेका, विद्यालयमा नियमित उपस्थिति हुने गरेका, अभिभावकहरुसँग राम्रो सम्बन्ध रहेको, शिक्षकहरूसँग सहयोगी व्यवहार गरेको पाइयो । विद्यालयको समग्र विकासको लागि शिक्षक, अभिभावक, वि.व्य.स., शिक्षक अभिभावक संघ, नगरपालिका र शिक्षा विकास तथा*

*समन्वय इकाईको सहयोगी भूमिका अति आवश्यक रहेता पनि विद्यालयको नेतृत्वकर्ता प्र.अ.चौतर्फी रुपमा सक्षम हुन आवश्यक छ ।*

*प्रधानाध्यापकले विद्यालयसँग सरोकार राख्ने सबै पक्षको विश्वास जितेर प्रजातान्त्रिक नेतृत्वशैली अबलम्वन गर्नु पर्दछ । सक्षम व्यवस्थापक र प्रशासकको रुपमा प्रधानाध्यापकको नेतृत्व विकास गर्न प्रधानाध्यापकहरूका लागि क्षमता अभिबृद्धि सम्बन्धी तालिम दिन आवश्यक देखिन्छ ।*

**शब्दकुन्जी :**
नेतृत्वशैली , विद्यालय व्यवस्थापन समिति , शिक्षक अभिभावक संघ ,सामुदायिक विद्यालय , अभिभावक

## पृष्ठभूमि

मानिसहरूलाई प्रेरित गर्नु, पथप्रदर्शक गर्नु र व्यवस्थित गर्न उपयुक्त योग्यता, क्षमता र तत्परता हुनुलाई नेतृत्व भनिन्छ । नेतृत्व हरेक व्यवस्थापकले सम्पादन गर्नु पर्ने कार्य हो । व्यवस्थापकले आफ्नो मातहतका कर्मचारीहरूलाई अगुवाई गर्ने गुण नै नेतृत्व हो । यस्तो गुण हरेक व्यक्तिमा हुँदैन । जुन व्यक्तिमा नेतृत्वको गुण हुन्छ, उसले आफ्ना साथीहरू र मातहतका व्यक्तिहरूलाई कुशलताका साथ प्रोत्साहित गर्दछ । उनीहरूमा विश्वास जगाउँछ र आफू एवम् संस्था प्रति निष्ठावान बनाउँछ ।

संगठनको लक्ष्य र उद्देश्य हासिल गर्न कुशल नेतृत्वको आवश्यकता हुन्छ । उपलब्ध मानवीय, भौतिक साधन र स्रोतलाई अधिकतम परिचालन गर्न नेतृत्व आवश्यक हुन्छ । कानूनी शक्ति, पदीय शक्ति, नैतिक शक्ति, शारीरिक शक्ति, बौद्धिक र मानसिक क्षमता आदिले व्यक्तिमा नेतृत्वको सक्षमता वृद्धि भएको हुन्छ । संगठनको सफलता र असफलता कुशल नेतृत्वमा निर्भर गर्दछ । यस कुरालाई जोड दिदैं गुरागाई (२०५८) ले निम्न कुरा उल्लेख गरेका छन्, नेतृत्व एउटा कुशलताको प्रतीक हो जुन कलाद्वारा निर्दिशत हुन्छ। अनुयायीहरू नेतृत्व प्रति बिना डर, त्रास तथा लालचा समर्पित हुन्छन् भने त्यो कुशल नेतृत्वकै रूपमा लिन सकिन्छ ।

विभिन्न शिक्षाविद्धहरूले नेतृत्व शब्दलाई विभिन्न कोणबाट परीक्षण गरी परिभाषित गरेका छन् । जुन निम्नानुसार रहेका छन् ।

मार्टिन (१९९३) का अनुसार, “नेतृत्व अनेकौ व्यक्तिहरूको व्यवहारको यस्तो गुण हो जसद्वारा उनीहरूले संगठित प्रयत्नद्वारा व्यक्ति वा उनका क्रियाकलापहरूलाई मार्ग दर्शन गराउँछ ।”

यस कुरालाई थप पुष्टाइ गर्दै डेभिस (२०१८) ले भनेका छन्, “नेतृत्व भनेको निश्चित उद्देश्यहरू उत्साहपूर्वक हासिल गर्न अरुलाई मनाउने क्षमता हो।” अर्को तर्फ मूर र रूड (२००५) का अनुसार “नेतृत्व भनेको अनुयायीहरूलाई नेताको चाहना अनुसार कार्यहरू गर्नकालागि तयार गर्ने योग्यता हो।” यसरी उनीहरूले अनुयायीहरूले नेताको चाहना अनुसार कार्यहरू गर्नको तयार हुने इच्छा शक्तिलाई नेतृत्व भनेका छन्, तर स्टोगडिल (१९५०) सो कुरामा सहमत देखिदैन त्यसैले उनका अनुसार, “नेतृत्व एउटा संगठित समूहको लक्ष्य निर्धारण र लक्ष्य प्राप्तिको प्रयासका क्रियाकलापहरूमा प्रभाव पार्ने प्रक्रिया अर्थात क्रिया हो ।” त्यसैले उनका अनुसार नेतृत्व भनेको संगठित समूहको लक्ष्य निर्धारण र लक्ष्य प्राप्तिको प्रयासका क्रियाकलापहरूमा प्रभाव पार्ने प्रक्रिया हो ।

यस कुरालाइ थप प्रष्ट पार्दै कोइराला र श्रेष्ठ (२०६१) ले भनेकाछन् की , नेतृत्व भन्नाले व्यक्तिको त्यो क्षमता तथा खुबी हो, जसले निर्दिष्ट लक्ष्य र उद्देश्य प्राप्तिमा अरुलाई समेत साथै लिएर अभिप्रेरित, मार्गदर्शन र प्रभाव पार्ने कार्यमा सफलता मिल्छ । नेतृत्व गर्नु र व्यवस्थापन गर्नु एउटै कुरा होइन । जुन कुरालाई थप पुष्टाइ गर्दै कायोड र नाइकर (२०२१) ले भनेका छन् एउटा नेता प्रशासक (व्यवस्थापक) नहुन सक्छ तर एउटा प्रशासक (व्यवस्थापक) भने नेता हुनैपर्छ ।

यसै गरी नेतृत्वका विभिन्न कार्यहरू छन् । जस्तै लक्ष्य निर्धारण, वातावरणमा समायोजन, सम्बन्ध र समन्वय, कार्यप्रति उन्मुख, सामाजिक कार्य, समस्याको समाधानकर्ता, प्रतिनिधित्व, मध्यस्थकर्ता तथा समूहका निम्ति प्रतिकात्मक व्यक्तित्व आदि ।

नेतृत्वका विभिन्न शैली हुन सक्छन् । ती मध्ये खान र अन्य (२०१५) का अनुसार नेतृत्वका केही शैलीहरू प्रजातान्त्रिक शैली वा सहभागितामूलक शैली, निरङ्कुश शैली, स्वतन्त्र शैली, चमत्कारिकशैली, नोकर शाही वा कानून केन्द्रित नेतृत्वशैली, सिर्जनात्मक नेतृत्वशैली हुन ।

समाजले विद्यालयबाट ठूलो आशा लिएको हुन्छ । एउटा सभ्य र उन्नत समाजको सृजना गर्न विद्यालयले ठूलो भूमिका खेल्दछ । प्रधानाध्यापक त्यस्तो संस्थाको प्रमुख व्यक्ति हो, जसलाई शिक्षकहरुको अगुवा मानिन्छ । कुनै संघ, संगठनको उद्देश्य प्राप्त गर्न कुशल नेतृत्वको आवश्यकता पर्दछ । नेतृत्वविनाको संगठनको कुनै औचित्य रहँदैन । यो वस्तु वा व्यक्तिहरूको एक झुण्ड मात्र हुन पुग्छ ।

विद्यालयको प्रधानाध्यापक आफ्नो संस्थाको शैक्षिक एवम् प्रशासननिक नेता हो । पाठ्यक्रमले अपेक्षा गरेका विषयगत, कक्षागत, तहगत र राष्ट्रिय उद्देश्यहरू प्राप्तिका लागि उसले विद्यार्थी र शिक्षकलाई प्रेरित र उत्साहित गर्नुपर्छ ।श्रेष्ठ (२०७५) का अनुसार एउटा कुशल प्रधानाध्यापक- असल योजनाकार, कुशल संगठन, शिक्षक कर्मचारी राम्रो व्यवस्थापन गर्न सक्ने, राम्रो नेतृत्व प्रदान गर्ने र निर्देशन दिने, नियन्त्रण कर्ता, उत्प्रेरक, द्वन्द्व व्यवस्थापक, प्रभावकारी रुपमा सञ्चार गर्ने, सुपरीवेक्षण गर्ने सीप भएको, निर्णय गर्ने क्षमता भएको, वैज्ञानिक तरिकाले कार्य विभाजन गर्ने, अन्तर सम्बन्ध कायम गर्ने, समय व्यवस्थापन गर्ने, सुरक्षा प्रदान गर्ने, आर्थिक अनुशासन भएको, सफल समन्वयकर्ता, निष्पक्ष, आत्मविश्वासी, असल चरित्र भएको, साहसिक, जवाफदेही आदि हुनु पर्दछ। (पृ.पृ. १४-१७)

नेतृत्वले व्यक्तिहरू बीच हुने सम्बन्धलाई पनि जनाउँछ, तर त्यस्तो सम्बन्धले व्यक्तिहरू बीचमा अविश्वास, छलकपटयुक्त स्वभाव, डरयुक्त वातावरण सिर्जना नगरी, मिलनसार, पारस्परिक सहयोग, दयाको भावना र मित्रतायुक्त वातावरणलाई जनाउँछ । सबैको भावनालाई कदर गर्दै लिइने नेतृत्वशैलीले उच्च नैतिकता र प्रभावकारी सामुहिक कार्यलाई जनाउँछ ।

ओशो (२०६४) ले भनेका छन् , अब परिस्थिति फेरिएको छ, त्यसैले प्र.अ. र शिक्षकले विनयी हुनु पर्ने भएको छ।सिकाउने व्यक्ति विनम्र भएन भने सिक्ने व्यक्ति विनम्र हुन सक्दैन । अब शिक्षण संस्थाका केन्द्र शिक्षक र प्र.अ. होइन, विद्यार्थी हुनुपर्छ ।

विद्यालयको उन्नति, प्रगति, राम्रो, नराम्रो, स्वस्थ्य, अस्वस्थ आदि के कस्तो छ भन्ने कुरामा प्रधानाध्यापकको महत्वपूर्ण भूमिका हुन्छ । प्रधानाध्यापकले विद्यालयको नेतृत्व गर्ने भएकोले, विद्यालय राम्रो भएमा जस खराब भएमा अपजस उनैलाई जाने हुन्छ । विद्यालयको विकासमा प्रधानाध्यापकको नेतृत्वशैलीले निकै ठूलो अर्थ राख्छ । विद्यालय एउटा जहाज हो भने प्रधानाध्यापक

उक्त जहाजको क्याप्टेन हो, त्यसैले प्र.अ.को कार्यकुशलताले विधालयको प्रगति निर्धारण हुने भएकोले यस लेखमा प्र.अ.को नेतृत्वशैलीको अध्ययन गरिएको छ।

## समस्याको कथन

आजकल सामुदायिक विद्यालयको गुणस्तर तथा प्रभावकारीता सम्बन्धी व्यापक टिका टिप्पणी, चर्चा परिचर्चा सार्वजनिक रूपमा भइरहेको छ । विद्यालय शिक्षामा सरकारको लगानी, वालुवामा पानी हाले झै प्रतिफल विहिन भयो भन्ने धेरै जनगुनासो सुनिन्छ । हुन पनि अधिकांश समुदायिक विद्यालयको शैक्षिक उपलब्धि निराशाजनक छ । केही अपवादलाई छोडेर बाँकी प्रायःजसो सामुदायिक विद्यालयले आम अभिभावकको मन जित्न सकेको अवस्था छैन । यसो हुनमा विद्यालय नेतृत्व कति जिम्मेवार छन् ? प्र.अ. को नेतृत्वशैली कतिको ठिक र प्रभावकारी छ ? खोजी निति गर्नुपर्ने देखिन्छ ।

शिक्षाको गुणात्मक विकासका लागि प्र.अ.को भूमिकालाई महत्वपूर्ण मानिन्छ । संघ संस्थामा योग्य र सहि व्यक्ति नेतृत्वमा आएको छ भने संघ संस्थाको विकास चाडो हुनसक्छ। वर्तमान अवस्थामा संघ संस्थाको असफलताको कारक तत्वहरु मध्ये प्रमुख तत्व नेतृत्वलाई मानिन्छ । त्यसैले सवै सरोकारवाला पक्षहरूलाई समेटेर सहभागिताका आधारमा योजना निर्माण गरी त्यसलाई कार्यान्वयन गर्ने दायित्व प्रधानाध्यापकको हो ।

यस लेखमा सामुदायिक विद्यालयका प्र.अ.हरूको नेतृत्वशैली कस्तो छ ? सामुदायिक विद्यालयका प्रधानाध्यपकको नेतृत्व शैलीलाई प्रभाव पार्ने तत्वहरू के-के हुन ? सामुदायिक विद्यालयका प्र.अ.हरूको नेतृत्वमा के कस्तो समस्या छन ? सामुदायिक विद्यालयका प्र.अ.हरूको नेतृत्वसम्बन्धी समस्याहरूका समाधानका उपायहरू के के हुन् ? भन्ने प्रश्नसंग आधारित भएर यसको जवाफ खोज्ने प्रयास गरिएको छ ।

## अध्ययनको औचित्य

शिक्षा व्यक्तिको सर्वाङ्गीण विकासका साथै समाज र राष्ट्रको मुख्य विकासको आधार हो । देश विकासको लागि विद्यालयलाई सशक्त माध्यमको रूपमा लिईएको हुन्छ । व्यक्ति, समाज र सिङ्गै राष्ट्र विकासको आधार रहेको शिक्षा प्रदान गर्ने संस्थाको विकास के कसरी गर्न सकिन्छ । कसरी विश्व बजारमा विक्न र टिक्न सक्ने जनशक्ति उत्पादन गर्न सकिन्छ ? यो आजको अहम प्रश्न हो ।वर्तमानमा चमत्कारिक रूपमा ज्ञानको विष्फोटन भईरहेको छ । नयाँ नयाँ प्रविधिहरू आविष्कार भईरहेको छ । त्यसैले हामीले पनि हाम्रा विद्यालयहरूलाई समय सापेक्ष बनाउनु पर्ने आवश्यकता स्पष्ट रुपमा देखिन्छ । यस सन्दर्भमा विद्यालय सञ्चालनको मूख्य नेतृत्व लिने प्रधानाध्यापकको नेतृत्वशैलीको अध्ययन गरी आवश्यक सुधार र समय सापेक्ष बनाउनु अति आवश्यक देखिन्छ । त्यसैले यो लेखको शीर्षक उपयुक्त मानिएकोले यसलाई अध्ययन गर्नका लागि यो शीर्षक चयन गरिएको हो ।

हाम्रो देशमा हाल विद्यालय खोल्ने र शैक्षिक उत्पादन गर्ने होडवाजी चलेको छ। यस परिस्थितिमा कैंयौ सामुदायिक विद्यालयहरूमा आवश्यक न्यूनतम योग्यता र क्षमता नभएका व्यक्तिले विद्यालयको नेतृत्व लिएको पाइन्छ भने कतिपय सामुदायिक विद्यालयमा परम्परागत शैली भएका व्यक्तिहरूबाट विद्यालय सञ्चालनको नेतृत्व लिइएको पाइन्छ ।

यस परिस्थितिमा विद्यालयका सरोकार पक्षको समन्वयमा प्रजातान्त्रिक शैलीको नेतृत्वशैली कसरी विकास गर्न सकिन्छ भन्ने अर्थमा यो अध्ययन औचित्यपूर्ण देखिन्छ ।

यस अध्ययनबाट सामुदायिक विद्यालयका प्र.अ.ले अबलम्बन गरेको नेतृत्वशैलीले शैक्षिक उपलब्धि हासिल गर्न कति सहयोग गरेको छ भन्ने कुराको जानकारी लिन सहयोग गर्दछ, कुशल नेतृत्व प्रदान गर्न आईपर्ने समस्या र समाधानका उपायहरुको खोजी गर्दछ, नेपाल सरकारका अन्य शैक्षिक संघ संस्थाहरुको साथ साथै अन्य संघ संस्थाहरुलाई उपयुक्त नेतृत्वशैली अवलम्बन गर्न र समस्या निराकरण गर्न मार्गदर्शन प्रदान गर्दछ, सम्बन्धित सरोकारवालाहरू लाई यस अध्ययनले पृष्ठपोषण दिन्छ, विद्यालयहरूको वास्तविक स्थिति थाहा पाउनमा सहयोग गर्दछ, अनुसन्धानकर्तालाई क्षेत्र भ्रमणका क्रममा विभिन्न स्थान समुदायसँग परिचय गर्ने मौका मिल्छ र अनुसन्धानकर्ता, नीति निर्माताहरुलाई योजना बनाउँदा वा थप अनुसन्धान गर्न सहयोग पुग्छ । त्यसैले यस शीर्षकमा अध्ययन गर्न औचित्यपूर्ण हुने देखिएको छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरू निम्न अनुसार रहेका छन ।

१) सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्वशैली पहिचान गर्नु ।

२) सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व शैलीलाई प्रभाव पार्ने तत्वहरु खोजी गर्नु ।

३) सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्वका समस्या र समाधानका उपायहरु पत्ता लगाउनु ।

## अध्ययनको परिसीमा

यो अध्ययन खोटाङ जिल्ला दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा रहेका सदरमुकाम आसपासका दशवटा सामुदायिक मा.वि.हरूमा केन्द्रित छ ।यस अध्ययन प्र.अ.हरूको नेतृत्वशैलीको पहिचान, नेतृत्वशैलीलाई प्रभाव पार्ने तत्वहरु र नेतृत्वको समस्या र समाधानमा मात्र केन्द्रित रहेको छ ।

## सम्बन्धित साहित्यको पुनरावलोकन

प्रधानाध्यापकको नेतृत्व अध्ययन, विश्लेषण र निष्कर्ष दिनको लागि सन्दर्भ साहित्यको अध्ययन गर्न खोजिएको छ । यस लेख तयार गर्न विभिन्न अनुसन्धान प्रतिवेदनहरूको अध्ययन गरिएको छ ।

गिरी (२०६८) ले डडेल्धुरा जिल्ला अन्तर्गत श्री अजयमेरु स्रोतकेन्द्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको नेतृत्वशैलीबारे शोधपत्रमा विद्यालयका अधिकांश प्र.अ.हरूको नेतृत्वशैली प्रजातान्त्रिक रहेको, न्यून मात्रामा केही विद्यालयका प्र.अ.हरूको नेतृत्वशैली स्वतन्त्र र निरङ्कुश रहेको पाउनुभयो । नेतृत्वमा राजनैतिक दलको हस्तक्षेप, प्र.अ.हरूको असफलताको कारक तत्वको रुपमा रहेको तथा पुनर्ताजगी तालिमको अभाव जस्ता विभिन्न कारणले गर्दा प्र.अ.को नेतृत्वशैली प्रतिफलयुक्त हुन नसकेको देखिन्छ । स्रोतव्यक्ति, वि.नि.तथा जि.शि.अ.बाट निरीक्षण अनुगमनको अवस्था कमजोर रहेको देखिन्छ जसका कारण प्र.अ.ले स्थलगत रुपमा पृष्ठपोषण लिन सकेको छैनन् । त्यस स्रोतकेन्द्रका अधिकांश विद्यालयका प्र.अ.हरूले प्रजातान्त्रिक नेतृत्वशैली अवलम्बन गरेका, विद्यालयमा नियमित उपस्थित हुने गरेका, अभिभावकहरूसँग राम्रो सम्बन्ध रहेको, शिक्षकहरूसँग सहयोगी व्यवहार गरेको पाउनुभयो ।

सापकोटा (२०६३) ले आफ्नो शोधपत्रमा सुर्खेत जिल्लाका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूको नेतृत्वशैलीको अध्ययन गरेको छ । उक्त अध्ययनमा सुर्खेत जिल्लामा परम्परागत नेतृत्वशैली विधमान रहेको, मिश्रित प्रकारको नेतृत्वशैली रहेको, सामुदायिक विद्यालय भन्दा निजी

विद्यालयका प्र.अ. हरुमा निरङ्कुशशैली रहेको तथा सामुदायिक विद्यालयका प्र.अ. हरूमा प्रजातान्त्रिक शैलीको प्रभाव भेटिएको छ । यसरी प्र.अ.हरुमा तालिम र पुनर्ताजगी तालिमको कमी रहेको पाइन्छ । कतिपय प्र.अ.हरूले शिक्षा ऐन नियम अनुसार काम, कर्तव्य र अधिकारहरू पूरा गर्न सकेका छैनन् ।

अवस्थी (२०६५) को शोधपत्र अनुसार प्र.अ.हरूको आचरणमा सुधार हुनुपर्ने, समन्वयमा कमी, परम्परागत नेतृत्वशैली, शिक्षक दरवन्दी अभाव, प्र.अ.हरुको नेतृत्वशैली मिश्रित प्रकारको रहेको पाइन्छ।त्यसैगरी प्र.अ.लाई कार्य बोझको समस्या रहेको पाइन्छ। समग्रमा अधिकांश विद्यालयमा प्रजातान्त्रिक र स्वतन्त्र नेतृत्वशैली र केही विद्यालयहरूमा निरङ्कुश शैलीको छाप पाइन्छ ।

काफ्ले (२०६१) को शोधअनुसार शिक्षण सिकाइ सुधारमा प्रधानाध्यापकले परम्परागत शिक्षण नेतृत्वको भूमिका निर्वाह गर्थे । उनीहरुले विद्यालयको शिक्षण सिकाई सुधारमा शैक्षिक क्रियाकलाप प्रति ध्यान नदिइएको पाइन्थ्यो । प्रधानाध्यापकको यस्तो नेतृत्वले आधुनिक शैक्षिक नेतृत्वलाई पूर्ति गर्न सक्दैन ।

विष्ट (२०६०) का अनुसार प्रधानाध्यापक शैक्षिक नेतृत्वकर्ता हो, व्यवस्थापक साथै योजनाकार हो । प्र.अ.विचार दिन सक्ने, व्यक्तिगत उत्तरदायित्वको आधारमा परिवर्तन गर्न सक्ने, शिक्षाशास्त्रको साथै बाह्य क्षेत्रमा पनि विचार दिन, लिन सक्ने, मध्यस्थकर्ताको भूमिका निर्वाह गर्न सक्ने, आन्तरिक बेमेललाई नियन्त्रण गर्न सक्ने, पुरस्कार र सजाय गर्ने कुराको यकिन गर्न सक्ने हुनु पर्दछ । यसले गर्दा विद्यालयमा गर्नुपर्ने कार्यको सम्वन्धमा सिघ्र निर्णय लिन मद्दत गर्छ ।

**अध्ययनको सैद्धान्तिक खाका**

यस अध्ययनलाई सार्थक बनाउनका लागि यस अध्ययनको सिलसिलामा शिक्षाविज्ञहरू, समाजशास्त्रीहरू, व्यवस्थापनविज्ञहरूका विचार एंव चिन्तनहरूको अध्ययन गरी वहाँहरूको विचार र चिन्तनहरूलाई प्रयोगमा ल्याउने प्रयास गरिएको छ । यस अध्ययनमा खासगरी नेतृत्वशैलीका प्रकारहरूको विभिन्न कोणबाट विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**लक्षण वा गुणमूलक सिद्धान्त**

बर्नाड (१९५८) का अनुसार "नेतृत्व वास्तवमा एक त्यस्तो कला हो।एक नेताको रुपमा सफलता हासिल गर्न नेतामा विशिष्ट गुण र शैली आवश्यक हुन्छ । जुनगुण आर्जित नभै जन्मजात हुन्छ ।"

टेड (१९४२) ले नेतृत्वमा शारीरिक शक्ति, उद्देश्यप्रति निष्ठा, अपूर्व साहस र लगन, स्नेह र मैत्रीपूर्ण व्यवहार, व्यक्तित्व, प्राविधिक दक्षता, योग्यता, सिकाउने क्षमता, शीघ्र निर्णय लिने र विश्वास आदि दश गुणहरु हुनुपर्ने बताएका छन्।

डेभिस (१९६८) ले नेतृत्वको उच्चवृद्धि, व्यापक सामाजिक रुचि, परिपक्वता, कार्य गर्ने उत्प्रेरणा र व्यक्तिप्रति आदर र रुचि आदि पाँच वटा गुणहरु उल्लेख गरेका छन् ।

**परिस्थितिजन्य अथवा सांयोगिक सिद्धान्त**

यो सिद्धान्तले प्रभावकारी नेतृत्वका लागि नेताका विभिन्न किसिमका स्वभावगत गुणहरु भन्दा परिवेश वा अवस्थालाई जिम्मेवार ठहर्याउछ । अर्थात परिवेशबाट उत्पन्न भएका अवस्थाहरुले नेतृत्वलाई प्रभावित गर्दछन भनी विश्वास गर्दछ ।

**फिड्लरको सांयोगिक विचारधारा/सिद्धान्त**

यस सिद्धान्त अनुसार नेतृत्व आफ्ना गुण विशेषता र परिस्थितिजन्य कारणहरु दुवैको समिश्रणबाट सफल नेता बन्न सक्छ । प्रायोगिक रूपमा उत्पन्न अवस्थाको आधारमा स्थितिको अनुकूलता वा उपयुक्त शैली निर्धारण गर्न उनले निम्न तीन वटा सांयोगिक क्षेत्रहरू- नेता सदस्य सम्बन्ध, कार्य संरचना र पदीय शक्ति उल्लेख गरेका थिए ।

**परिस्थितिजन्य दृष्टिकोण**

यस सिद्धान्त अनुसार कुनै पनि नेता वंश परम्पराबाट नभई सामाजिक परिस्थितिबाट जन्मन्छ, न की जन्मदै नेता भएर । हर्सइ र बलानकार्ड (१९९७) ले अनुयायीहरूलाई केन्द्रविन्दु बनाउने गरी यस सिद्धान्तको शुरुवात गरे । यस सिद्धान्तले अनुयायीहरूको कार्य तत्परता र परिपक्वतालाई नै उत्पादन र नेतृत्वको मूल सफलता मानिएको छ ।

यस सिद्धान्त अनुसार नेतृत्वमा गुण नभएर परिस्थितिमा निर्भर पर्दछ । एउटा परिस्थितिमा नेता भएको व्यक्ति अर्को परिस्थितिमा नहुन सक्दछ । हिट्लर, माओ, मुसोलिनी, परवेज मुसर्रफलाई परिस्थितिले साथ दिएको थियो । यहाँ नेतृत्वशैलीको छोटो व्याख्या गर्न सान्दर्भिक हुन्छ ।

**निरङ्कुश वा स्वच्छाचारी नेतृत्वशैली**

यस प्रकारको नेतृत्वले सम्पूर्ण अधिकार, शक्ति, निर्णय गर्ने अधिकार आफुमा केन्द्रित गरी मातहतका कर्मचारीलाई नियन्त्रण, निर्देशन, आदेश दिने कार्य गर्छ । यस्तो नेतृत्वशैली अवलम्वन गरेका प्र.अ.हरूले विद्यालयका शिक्षकहरूसँग विचार विमर्श गरेर योजना बनाउदैनन् । यसमा शिक्षकहरूको विचारको कदर गरिन्न । नेतृत्वदाताले सामुहिक उद्देश्य प्राप्तिकै लागि कार्य गरेता पनि शारीरिक या मानसिक यातना दिएर, धम्काएर मात्र कार्य गर्दछन् । यहाँ अधिकार प्रत्यायोजन कार्य गौण हुन्छ ।

"निरङ्कुश वा तानाशाही नेतृत्वले सामुहिक आवश्यकता पूरा गरेर सन्तुष्टि प्रदान गर्ने भन्दा शारीरिक शक्ति प्रदर्शन गरेर र डर देखाएर कार्यहरु गराउन खोज्दछ" (गुरागाई, २०५८) यसरी यो नेतृत्व कुनै प्रकारको अङ्कुश वा नियन्त्रण नभएको, बन्धनहिन, छाडा र तानाशाही हुन्छ ।

**प्रजातान्त्रिक वा सहभागितामूलक नेतृत्वशैली**

यस शैलीमा अधिकार, शक्ति, निर्णय प्रक्रिया विकेन्द्रित हुन्छ । सल्लाह, सुझाव, छलफल, भेटघाटलाई प्राथमिकता दिइन्छ । यसमा मातहतका व्यक्तिलाई एउटा सामाजिक एकाइको रुपमा मापन गर्न प्रोत्साहन गर्दछ ।

"नेतृत्व नेता र अनुयायीहरू बीचको स्थिर आदरभाव र दुवैको बराबरी सन्तुष्टिपूर्ण सम्बन्धसँग सम्बन्धित हुनुपर्छ" (गुरागाई, २०५८) । प्र.अ. को नेतृत्वलाई बढी सहभागितामूलक र महत्वपूर्ण अनि सन्तुष्टि प्रदान गर्ने खालको बनाउन प्रजातान्त्रिक भावनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस्तो नेतृत्वले मातहतका कर्मचारीहरुसँग विश्वास लिएर उनीहरूसँग विचार विमर्श गरेर, छलफल गरेर र उनीहरूको उचित भावनाको कदर गरेर, विद्यालयका सम्पूर्ण कार्यहरू सञ्चालन गरेको हुन्छ । यस्तो नेतृत्वमा विद्यालयमा दोहोरो सञ्चार कायम हुन्छ र निर्णय प्रक्रियामा तल्लो तहको कर्मचारी एंव समुदायका सदस्यहरूको पनि सहभागिता हुन्छ ।

### स्वतन्त्र नेतृत्वशैली

यसमा नेताले मध्यस्त तथा समन्वय को रूपमा मात्र काम गर्दछ । प्रत्येक कर्मचारीलाई आफ्नै ढङ्गमा काम गर्ने, सोच विचार गर्ने स्वतन्त्रता दिएको हुन्छ । हरेक क्रियाकलापमा त्यति वास्ता नराख्ने र विद्यालयका सम्पूर्ण कार्यहरू अन्य शिक्षकहरूको जवाफदेहीमा हुनुपर्ने कुरामा विश्वस्त हुन्छन । सबै शिक्षक तथा कर्मचारीहरू योग्य र सक्षम छन, तसर्थ आफ्नो कार्य कुशलतापूर्वक गर्छन् भनेर विश्वास गरिन्छ । शिक्षकहरूको कार्यमा हस्तक्षेप र नियन्त्रण गरेमा कुशलतामा आघात पर्दछ भनेर खुल्ला छोडिएको हुन्छ । शिक्षक आफै स्वनिर्देशित, स्वनियन्त्रित र स्वउत्प्रेरित हुने हुन्छन । तसर्थ विद्यालयमा छाडापनको स्थिति पनि देखा पर्न सक्छ (गुरागाई, २०५८)।

अत: नेतामा निहित गुण तथा विशेषताको परिमाणको आधारमा मात्र सफल नेता हुन सक्दैन । तसर्थ विद्यालय प्र.अ.ले नेपालको भौगोलिक, आर्थिक, सामाजिक आदि जस्ता कुनै पनि परिस्थितिको विशेष आवस्यकतासँग मेल गराउन उनीहरूले आफ्नो नेतृत्वशैलीलाई समायोजन गर्न सफल भएमा मात्र उनीहरू प्रभावकारी नेताको रुपमा रहन सक्छन् ।

## अध्ययन विधि

### अनुसन्धान ढाँचा

यो लेख मिश्रित अनुसन्धान ढाँचा प्रयोग गरी तयार पारिएको छ । प्रस्तुत लेख तयार गर्नको लागि तथ्याङ्क संकलन सम्बन्धी कार्य गर्दा प्रश्नावली, अवलोकन, अन्तरवार्ता सूचीजस्ता विधिहरूको सहयोग लिइएको छ । यसका साथै विद्यालयमा उपलब्ध हुने विभिन्न अभिलेखहरू पनि अध्ययनका स्रोत हुन ।लेख विवरणात्मक, व्याख्यात्मक र तुलनात्मक रूपले तयार गरिएको छ । नमूना छनौट गरिएका विद्यालयमा शिक्षक, प्रधानाध्यापक, वि.व्य.स., शिक्षक अभिभावक संघका पदाधिकारीहरूसँग भेटघाट गरी विवरण संकलन र विश्लेषणका आधारमा अध्ययनलाई अगाडि बढाउने प्रयास गरिएको छ । सम्बन्धित क्षेत्रमा स्वयम् गइ प्रश्नावली, छलफल, स्थलगत अध्ययन गरी संख्यात्मक र गुणात्मक तथ्यांकलाई आधार मानिएको छ । तथ्यांक संकलनका क्रममा प्राथमिक तथ्यांक र द्वितीय तथ्यांकहरूको समेत आवश्यकता हेरी प्रयोग गर्ने प्रयास गरिएको छ ।

## नमूना छनौटका आधार

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा भएका मा.वि.तहको सामुदायिक विद्यालयहरू मध्ये उद्देश्यउन्मुख हेतुमूलक छनौट विधि द्बारा छनौट गरी जम्मा दश विद्यालयहरूका विद्यार्थी, शिक्षकहरू, प्र.अ.हरू र वि.व्य.स. पदाधिकारीहरूसँग छलफल, अवलोकन तथा प्रश्नावलीको सहयोगबाट संख्यात्मक र गुणात्मक तथ्यांक संकलन गर्ने प्रयास गरिएको छ ।

## जनसंख्या तथा नमूना छनौट

यस अध्ययन, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका अन्तरगत वडा नं. १, २, ३, ४, ५, ६, ७, १० र १३ का दश वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा गरिएको छ । ती विद्यालयहरूका दश जना प्र.अ.हरू, चालिस जना शिक्षकहरु, पचास जना विद्यार्थीहरू, तीस जना अभिभावकहरू, बीस जना वि.व्य.स. पदाधिकारीहरू र तीन जना शिक्षा प्रशासकहरूलाई अध्ययनको जनसंख्याको रूपमा लिइएको छ ।

विद्यालयका प्र.अ, वि.व्य.स. का पदाधिकारीहरू, वि.नि., शिक्षा शाखा प्रमुख र शिक्षा विकास तथा समन्वय प्रमुखलाई उद्देश्यमूलक छनौट विधि प्रयोग गरी नमूना छनौट गरिएको छ । प्रत्येक

विद्यालयबाट पाँच जना विद्यार्थीहरू, चार जना शिक्षकहरू र दुई जना अभिभावक पर्ने गरी सामान्य सम्भावनायुक्त छनौट विधि प्रयोग गरी अध्ययनको जनसंख्या छनौट गरिएको छ ।

## तथ्याङ्क संकलनका स्रोतहरू

छनौटमा परेका विद्यालयहरूमा आफै गएर विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूसँग प्रश्नावलीहरू भराइएको छ र मन्तव्य समेत लिइएको छ । यसका साथै कार्यालयमा गई अवलोकन साथै आवश्यक तथ्यांक संकलन गरिएको छ । यसरी तथ्यांक संकलनको क्रममा सकेसम्म प्राथमिक स्रोत प्रयोग गर्ने प्रयास गरिएको छ । यसरी विद्यार्थी,  शिक्षक, प्रधानाध्यापकहरूसँग प्रश्नावली भराइएको छ ।

## तथ्यांक संकलनका साधनहरू

अध्ययन गर्ने क्रममा आवश्यक तथ्यांक र सूचनाहरू संकलनको लागि निम्नअनुसारका साधनहरू प्रयोग गरिएको छ ।

### अन्तरवार्ता

अध्ययनको क्रममा तथ्यांक संकलनका लागि विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, व्यवस्थापन समितिका पदाधिकारीहरूसँग अन्तरवार्ता लिइएको छ ।

### प्रश्नावली

अध्ययनको प्राथमिक तथ्यांक संकलनको मूख्य साधन प्रश्नावली भएकोले अध्ययन क्षेत्रका सम्बन्धित व्यक्तिहरूबाट प्रश्नालीको उत्तर भराई तथ्यांक संकलन गरिएको छ ।

### अवलोकन

अध्ययनको सिलसिलामा वस्तुगत र विश्वसनिय निष्कर्षको लागि सहभागितामूलक अवलोकन गरिएको छ । जसमा प्र.अ. को गतिविधि, शिक्षक स्टाफ, विद्यार्थीहरू र अभिभावकहरुसंग गरिने व्यवहार अवलोकन गरिएको छ । विद्यालयमा कार्य विभाजन, जिम्मेवारी बाँडफाड, कक्षाकोठा तथा कार्यालय व्यवस्थापन आदिको अवलोकन गरिएको छ।

### छलफल

सम्बन्धित क्षेत्रमा रहेका नमूना छनौटमा परेका सवै व्यक्तिहरुसँग (शिक्षक, अभिभावक, विद्यार्थी) प्रत्यक्ष रूपमा छलफल गरिएको छ ।

## विश्लेषण

### सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्वशैलीमा देखिएका समस्याहरू

विद्यालयमा प्रधानाध्यापक शैक्षिक नेता हो । पाठ्यक्रमले अपेक्षा गरेको विषयगत, कक्षागत तहगत तथा राष्ट्रिय उद्देश्य प्राप्तिका लागि उसले विद्यार्थी र शिक्षकलाई प्रेरित र उत्साहित गर्नु पर्दछ । प्रधानाध्यापकमा राम्रो सुझबुझ हुनु पर्दछ । शैक्षिक सिद्धान्तको ज्ञानको साथसाथै शिक्षण कार्यमा राम्रो दखल हुनु पर्दछ । शैक्षिक विकासका लागि प्रधानाध्यापकले सुव्यवस्थित क्रियाकलापको निर्माण गर्नुपर्ने हुन्छ । जसका लागि विद्यालय परिवारलाई साथ-साथै मिलेर कार्य गराउनु सक्ने क्षमता उसमा हुनुपर्दछ । शिक्षक, विद्यार्थी, अभिभावक एवम् समुदायका आवश्यकता र चाहनाप्रति संवेदनशील हुनुपर्दछ । शैक्षिक नेताको रूपमा प्रधानाध्यापकले सबैसंग सुमधुर सम्बन्ध राख्ने, आत्मवल प्रवर्तक हुनपर्दछ । यसका लागि उसले शिक्षकहरूको सामाजिक तथा शैक्षिक अवस्था, प्रशंसाको उचित प्रयोग, शिक्षकहरूको व्यक्तित्व एवम् समस्याहरू जस्ता कुरामा ध्यान राख्नु पर्ने हुन्छ ।

नेतृत्वसँग धेरै समस्या र चुनौतीहरू रहेका हुन्छन् । संस्थाको उद्देश्यका लागि समन्वयात्मक भूमिका प्रधानाध्यापक वा शैक्षिक नेतृत्वको हुन्छ । नेपालको सन्दर्भमा भन्नु पर्दा २०४६ सालको परिवर्तनपछि देशमा धेरै विद्यालयहरू खुले ।जसअनुसार आर्थिक, भौतिक समस्या जस्ता समस्याहरू विद्यालयहरूले झेल्दै आए । यसको प्रमुख असर प्रधानाध्यापकलाई पर्न गयो । यसको साथै विगत १०/१२ वर्ष यता नेपालको राजनीतिमा आएको उथलपुथलले विद्यालयहरूलाई पनि समस्यामा पार्‍यो । विद्यालयहरू युद्धका अखडा बन्न पुगे । शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ ले पनि विद्यालयलाई विस्तार अधिकारहरु थप्दै गएको छ । विद्यालयमा विद्यालय व्यवस्थापन समितिको बढि प्रभाव हुँदै गयो । जस अनुसार विद्यालयमा राजनैतिक दबाब पनि बढ्दै गयो । विद्यालयको दैनिक प्रशासकीय, शैक्षिक कार्यदेखि लिएर व्यवस्थापकीय कार्यमा प्रधानाध्यापकहरू रुमल्लिए देशमा व्यापक भ्रष्टाचारका शिकार पनि प्रधानाध्यापकहरू भए एकातिर आर्थिक संकटमा परेका विद्यालयहरू, शिक्षक दरबन्दी अभाव, कर्मचारीको अभावका साथै प्रधानाध्यापकलाई भत्ताको कमि तथा अन्य प्रशासनिक खर्चको अभाव आदि जस्ता विविध समस्याहरू प्रधानाध्यापकहरूमा परेका छन् ।

प्रधानाध्यापकले आफ्ना मातहतका शिक्षक कर्मचारी तथा विद्यार्थीलाई नियन्त्रण गर्न नसकेको देखियो । विद्यालयहरूमा विद्यार्थी संख्या अनुसारको कक्षा कोठा फर्निचर तथा शैक्षिक सामग्रीको अभाव देखियो । प्र.अ.ले कक्षा लिने तर कहिले तालिम, कहिले गोष्ठी तथा कहिले नगरपालिका धाउने कारणले गर्दा कक्षा लिन नसक्दा विद्यार्थीहरु शिक्षक विना अलपत्र परेका पाइयो । प्र.अ. विद्यालयदेखि टाढा बस्ने हुदा समयमा विद्यालयमा नपुगेको गुनासो गरिएको पनि देखियो ।

सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्वशैलीमा के कस्ता समस्याहरू छन भनि प्रधानाध्यापकहरूवाटै जान्न खोज्दा- कामको बोझ, प्रधानाध्यापकको भत्तामा कमि, राजनीतिक दवाव, शिक्षक नियुक्तिमा समस्या, विद्यालयमा आर्थिक-भौतिक समस्या, विद्यालयमा प्रशासनिक खर्चको अभाव, शिक्षक दरवन्दीमा कमि, प्रधानाध्यापकलाई तालिमको अभाव, अभिभावकहरूसंग समन्वयमा कठिनाई, अभिभावकहरूबाट प्रशासनिक कार्यमा कम सहयोग, शिक्षक, विद्यार्थी र समुदायवीच समन्वयको समस्या र शैक्षिक स्तर वृद्धि गर्ने कार्यमा कठिनाई भएको पाइयो ।

कतिपय प्रधानाध्यापकको नेतृत्वशैली स्वतन्त्र भएकाले त्यस्ता विद्यालयमा शिक्षक तथा विद्यार्थीहरूले प्रधानाध्यापकलाई नटेर्ने तथा स्वच्छाचारीपन शिक्षकहरूमा रहेको जसको कारण शैक्षिक क्रियाकलापमा समस्या आएको, प्रधानाध्यापकको अभिभावकसंग समन्वयको अभाव भएको कारण समन्वयात्मक वातावरण सिर्जना गर्नमा कठिनाई आएको जसले गर्दा प्रशासनिक तथा शैक्षिक कार्यमा समस्या आएको, नेतृत्वशैली फितलो भएको विद्यालयमा विद्यालय संचालनमा जोखिमपूर्ण अवस्था सृजना हुने साथै समुदायको व्यक्तिहरूको सहयोगमा कमी देखिएको पाइयो र राजनैतिक प्रभाव रहेको पनि पाइयो ।

## सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्वशैली सुधारका उपायहरू

सामुदायिक विद्यालयको समग्र विकासको लागि त्यस विद्यालयको प्रधानाध्यापकको व्यवस्थापन सीपले ठूलो असर पार्दछ र त्यस व्यवस्थापन प्रकृयालाई असर पार्ने महत्वपूर्ण तत्व हो, त्यस विद्यालयका प्रधानाध्यापकको नेतृत्वशैली । अतः प्रधानाध्यापकको नेतृत्वशैली सवल हुन आवश्यक भएकाले सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्वशैलीमा देखिएका समस्या समाधान गर्न त्यस विद्यालयसंग सम्बन्धित अभिभावक, विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय

व्यवस्थापन समितिका सदस्यहरु शिक्षा विकास तथा समन्वय इकाई प्रमुख, नगरपालिकाको शिक्षा शाखा प्रमुख, वि.नि.बाट विभिन्न विधि अपनाई प्राप्त गरिएको जानकारीलाई तल प्रस्तुत गरिएको छ ।

विद्यार्थीहरूलाई समय-समयमा रेखदेख गर्ने तथा उनीहरूलाई परेको समस्याहरू प्रति सजक भई ती समस्या समाधान गर्न सकृय हुने, अरु शिक्षक शिक्षिकाले पढाएको प्रधानाध्यापकले बेला-बेलामा रेखदेख गर्ने र आफूले पनि ध्यान दिएर पढाउने तथा विद्यालयमा सबैले मिलेर काम गर्ने वातावरण सृजना गर्ने र पढाइका अतिरिक्त अन्य अतिरिक्त क्रियाकलापक गराउनु पर्ने, विद्यार्थीहरूको शैक्षिक स्तर बढाउन विद्यार्थी अनुसारको कक्षाकोठा, फर्निचर, शिक्षक र नया शैक्षिक सामाग्रीहरू आदिको व्यवस्था गर्ने, प्रधानाध्यापकले आफू पनि समयमै विद्यालयमा आउने र अरु शिक्षक शिक्षिका तथा विद्यार्थीहरूलाई पनि समयमै आउन प्रेरित गर्ने तथा आफ्नो धारणामा सुधार ल्याई अरुको आचरणमा सुधार ल्याउनु आफू एक नमूना बन्ने र प्रधानाध्यापकले सबैसँग मिलनसार, सहयोगी तथा पक्षपात रहित व्यवहार गर्ने साथै धुम्रपान, मद्यपान नगर्न र अरुलाई पनि गर्नबाट रोक्ने क्षमता हुनु पर्दछ ।

प्रधानाध्यापकले विद्यालयको वातावरण पठन-पाठन योग्य बनाउन हर प्रकारले कोशिस गर्नु पर्ने हुन्छ । विद्यालयको शैक्षिक उपलब्धिको स्तर अनुसार पनि प्र.अ.को नेतृत्वशैली पहिचान हुने हुँदा प्र.अ.ले शैक्षिक उपलब्धि बढाउन प्रयत्नरत हुनुपर्दछ । विद्यालयको वातावरण आकर्षक बनाउनका लागि पढन योग्य बनाउन कक्षाकोठामा आवश्यक भौतिक सामग्रीहरू पुर्याकउनका लागि कुशल नेतृत्वको भूमिका निर्वाह गर्नुपर्दछ ।

प्रधानाध्यापकले पहिले आफ्नो व्यक्तिगत आचरणमा सुधार गर्नुपर्छ र परिवारका हरेक सदस्यलाई अनुशासित राख्न प्रयत्नशील रहनु पर्दछ, अन्य शिक्षकहरूले ध्यान दिएर पढाएको वा नपढाएको, विद्यार्थीले पढाइमा ध्यान दिए नदिएको प्रधानाध्यापकले समय समयमा रेखदेख तथा निरीक्षण गर्ने, प्रधानाध्यपक स्वयम् पनि समयमा विद्यालयमा आउने र अन्य शिक्षक विद्यार्थी तथा कर्मचारीलाई समयमै आउन उत्प्रेरित गर्ने तथा शिक्षणमा देखापरेका समस्यालाई आँकलन गरी समाधानका बाटाहरु अपनाउने र कक्षा अनुसार र विद्यार्थीको क्षमता अनुसार विद्यार्थीलाई गृहकार्य आफूले पनि दिने र अन्य शिक्षकहरूलाई पनि दिन लगाउने तथा गृहकार्य गरे नगरेको रेखदेख गर्नु पर्दछ ।

समय समयमा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले विद्यालयका हरेक क्रियाकलापको रेखदेख तथा मुल्याङ्कन गरी आवश्यक पर्ने सामग्रीको सहयोगका लागि सम्बन्धित निकायमा पहल गर्ने, प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन समितिका सदस्यले विद्यालयका प्रत्येक क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने तथा विद्यालयको प्रशासनिक कार्यमा सरसल्लाह दिने तथा पारदर्शिता कायम गर्ने, सबै क्षेत्रमा प्रधानाध्यापकलाई रचनात्मक सहयोग गर्ने तथा विद्यार्थी संख्या अनुसार दरबन्दी माग गर्ने, विद्यालय व्यवस्थापन समितिले विद्यार्थी संख्या बढाउन जनचेतना फैलाउने, शिक्षक विद्यार्थीका क्रियाकलाप अनुसार तथा सरसफाई बारे समय समयमा रेखदेख गर्ने र विद्यालय व्यवस्थापन समितिले शिक्षक, विद्यार्थीको क्रियाकलाप अनुशासन तथा सरसफाई बारे समय-समयमा रेखदेख गर्ने प्र.अ.लाई रचनात्मक कार्यमा सहयोग पुर्याउने र विद्यार्थी अनुसार दरबन्दी माग गर्नु पर्दछ ।

विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, अभिभावक समाजका बुद्धिजीवि, विभिन्न राजनैतिक दलहरु, सरकारी तथा गैर सरकारी संघसंस्था आदि सबैसँग प्रधानाध्यापकले सहकार्य समन्वय तथा मेलमिलाप गरेर प्रशासनिक तथा प्राविधिक कार्य गरेमा सफलता पाइन्छ र साथै नेतृत्वशैली सुधारमा सहयोग मिल्छ ।

प्रधानाध्यापकले विद्यालयका हरेक क्रियाकलापमा उत्पन्न समस्याहरु माथि सही निर्णय लिनु पर्ने तथा आइपरेका समस्यालाई धैर्यता लिइ प्रजातान्त्रिक प्रकारको नेतृत्वशैली अपनाई समाधान गर्ने, प्रधानाध्यापकले विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूका समस्याहरूमा चासो लिई सामाधानको लागि सम्बन्धित निकायमा पहल गर्ने, विद्यालयमा पठन-पाठन प्रकृयामा निरन्तरता ल्याउन सधै सक्रिय हुने तथा विद्यालय प्रशासन सवल बनाउने विद्यालय र समुदायक विच अन्तरक्रिया गर्ने र सबैका सुझाव सुन्ने तथा लागू गर्ने, विद्यालय सुधारका लागि सम्बन्धित निकायमा पहल गर्ने तथा विद्यालयका शैक्षिक, प्रशासनिक र आर्थिक जस्ता हरेक क्रियाकलापमा पारदर्शी हुनु पर्ने र विद्यालय व्यवस्थापन समितिको बैठक नियमित रूपमा राखि सबैबाट सल्लाह सुझाव संकलन गरी तिनीहरूलाई महत्वका साथ कदर गर्ने तथा विद्यालय व्यवस्थापन समितिका सदस्य र अभिभावकको सल्लाह विना महत्वपूर्ण काम नगर्ने व्यवस्था मिलाउनु पर्छ ।

प्रधानाध्यापकको मुख्य भुमिका भनेको नेतृत्वशैली सुधार गर्ने, विद्यालयको शैक्षिक उपलब्धि बढाउन वातावरण बनाउने, शिक्षक कर्मचारीको सही मुल्याङ्कन गर्ने, सबै निकाय जस्तो समुदाय अभिभावक आदिसँग समन्वय कायम राख्ने हुनु पर्दछ ।

प्रधानाध्यापकले आफूले नै आफ्नो नेतृत्वशैली सुधार गर्न निम्न कुरालाई जोड दिनु पर्छ । प्रधानाध्यापक स्वयम् आत्ममूल्याङ्कन र आत्म समिक्षा गरेर अगाडि बढ्नु पर्ने हुन्छ, विद्यालयमा आइपरेका समस्यालाई समाधान गर्न तथा अन्य कार्य गर्न आफ्नो मनोमानी नगरी आपसमा छलफल गरी सहकार्यको माध्यमबाट गर्नु पर्ने हुन्छ, अभिभावक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, शिक्षक, विद्यार्थी र कर्मचारी आदि सबैको राय लिइ विद्यालयलाई विकासतर्फ उन्मुख गर्ने, अरुको मुख नताकी सर्वप्रथम आफै अगाडि बढ्ने तथा आफू सक्रिय भई समान रुपमा व्यवहार गरी सबैसंग सुमधुर सम्बन्ध कायम गर्नु पर्ने, प्रधानाध्यापकले समय परिस्थिति अनुसार आफूलाई बदल्ने तथा मिलनसार, उचित निर्णय गर्ने, अरुमा भेदभाव नराख्ने प्रवृतिको हुनु पर्ने, धेरै जस्तो अभिभावकहरु अशिक्षित भएको कारण समय समयमा भेटघाट छलफल कार्यक्रम संचालन गरी अथवा अभिभावक भेला भएको वेला जनचेतना फैलाउने कार्यक्रम प्रधानाध्यापकले गर्नु पर्ने र शिक्षा ऐन तथा नियमानुसार कार्य गर्न कटिबद्ध हुनुपर्छ ।

प्रधानाध्यापकलाई नेतृत्व विकास एवम् शैक्षिक क्रियाकलापमुखी तालिम तथा आवश्यकता अनुसार पृष्ठ पोषण दिनु पर्ने, बेला-बेलामा निरीक्षण र निर्देशन दिने काम गर्ने तथा प्रधानाध्यापकलाई भेदभाव रहित व्यवहार गरी मुल्याङ्कन गर्नु पर्ने, अध्ययन-अध्यापन कार्यमा सहयोग गर्ने, प्रशासनिक कार्यमा आवश्यकता अनुसार सही सल्लाह सहयोग तथा निर्देशन दिनु पर्ने र समय समयमा प्रधानाध्यापकसँग छलफल अन्तक्रिया गरेर व्यवस्थापन तथा प्रशासनिक कार्यमा सहयोग गरी प्रधानाध्यापकको नेतृत्व विकासमा सहयोग गर्नुपर्ने हुन्छ ।

## निष्कर्ष तथा सुझावहरू

विद्यालयको चौतर्फी विकासमा प्र अ को नेतृत्वशैलीले धेरै प्रभाव पारेको हुन्छ । प्र.अ.को नेतृत्वशैली प्रजातान्त्रिक भएमा विद्यालय प्रभावकारी रूपमा सञ्चालन हुन्छ । त्यसैले प्र अ को लागि

कम्तिमा दश महिने विद्यालय व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था हुनु पर्दछ । दश वर्ष शिक्षण अनुभव भएको एक श्रेणी माथिल्लो पदको शिक्षकहरूबाट प्र.अ. छानिने व्यवस्था हुनुपर्छ । प्र.अ.लाई राज्यको तर्फबाट अतिरिक्त सेवा सुविधा उपलब्ध गराउनु पर्छ । प्र.अ.लाई शिक्षणमा कम समय साथै व्यवस्थापन र प्रशासनमा बढी समय दिन सक्ने गरी नीति बनाउनु पर्दछ । शिक्षकहरु सधै प्र.अ. प्रति उत्तरदायी भएर शिक्षण सिकाइ कार्यमा लाउनु पर्छ । प्र.अ. तथा शिक्षकलाई राजनीतिक स्वार्थ पूर्तिको लागि प्रयोग गर्ने काम बन्द गर्नु पर्छ । विद्यालय व्यवस्थापन समितिले प्र.अ. को कमि कमजोरी सच्याउने र राम्रो काममा साथ सहयोग गर्ने व्यवस्था हुनु पर्छ । शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय तहले पनि प्र.अ.को नेतृत्वशैली साथै विद्यालयको विकासका लागि अनुगमन र मूल्याङ्कन पटक पटक गर्नु पर्ने देखिन्छ ।

नीतिगत तहमा काम गर्ने व्यक्तिहरू धेरै अनुभवी र योग्य हुन्छन । उनीहरूले राम्रो नीति बनाए पनि कार्यान्वयन पक्ष कमजोर भएमा प्रतिफल राम्रो आउदैन । यसले गर्दा कार्यान्वयन पक्षलाई बलियो संयन्त्र बनाई लागू गर्नुपर्ने देखिन्छ । प्र.अ.का समस्याहरूलाई अनुगमन सुपरिवेक्षण गरी ती समस्या समाधान गर्नका लागि परामर्श सेवाको व्यवस्था गरिनु पर्दछ । प्र.अ.ले सधै आफूलाई अद्यावधिक बनाई राख्नु पर्ने हुन्छ। सवै प्र.अ.हरूले प्रजातान्त्रिक नेतृत्वशैली अबलम्वन गर्नु पर्ने र उच्च नैतिकता, अनुकरणीय व्यवहार प्रदर्शन गर्नु पर्ने हुन्छ । प्र.अ.हरूले अझै नियमित रुपमा विद्यालयमा उपस्थित भई आफूले तालिममा सिकेका ज्ञान, सिपहरुलाई अधिकतम रुपमा प्रयोग गर्नु पर्ने देखिन्छ । शिक्षक कर्मचारीहरुले तालिममा प्राप्त ज्ञान, सिप आफ्नो दैनिक व्यवहारमा, अध्यापनमा उतारे न उतारेको, अभ्यास गरे नगरेको नियमित निरीक्षण अनुगमन हुनु पर्दछ । विद्यालयका प्र.अ.हरूलाई पठनपाठनको भार कम गरी विद्यालयको शैक्षिक, व्यवस्थापकीय र प्रशासनिक कार्यमा बढी जिम्मेवार बनाउनु पर्ने हुन्छ । वि.व्य.स. गठन, शि.अ. संघ गठन प्रकृया लगायत अस्थायी शिक्षक नियुक्ती र योजना निर्माण कार्यमा प्र.अ.ले बढी राजनैतिक दवाव खेपिरहेकोले, राजनैतिक हस्तक्षेप कम गर्नु पर्ने हुन्छ । प्र.अ.हरूले आफ्नो काम, कर्तव्य र अधिकारहरूलाई पूर्ण रूपमा आत्मासाथ गर्नु पर्ने हुन्छ ।

## सन्दर्भसूची


अवस्थी, विष्णु (२०६५), प्रधानाध्यापकहरूको नेतृत्वशैलीः एक अध्ययन, (स्नातकोत्तर तह, अप्रकाशित), शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि.।

ओशो (२०६४), विनम्र शिक्षकले मात्र सिकाउन सक्छ, शिक्षक मासिक, प्रथम अंक, ललितपुर, हिमाल एसोसिएशन ।

काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्रबहादुर र सिन्हा, रामस्वरुप (२०६१), शैक्षिक प्रशासन तथा सुपरिवेक्षण, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६१) शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

गिरी, रामप्रसाद, (२०६८), श्री अजयमेरू श्रोतकेन्द्रका सामुदायिक विद्यलयका प्रधानाध्यपकहरूको नेतृत्वशैली, (स्नातकोत्तर तह, अप्रकाशित), शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि.।

गुरागाई, पुण्यमाया (२०५८), प्राथमिक विद्यालयका प्रधानाध्यापकहरुको नेतृत्वशैली, कीर्तिपुर नगरपालिकाका विद्यालयहरूको अध्ययन एम.एड. शोध-पत्र, काठमाण्डौः शिक्षाशास्त्र संकाय त्रि.वि.वि. ।

विष्ट, मीन बहादुर (२०६०), नेपालको परिवेशमा शैक्षिक सुपरीवेक्षणको दक्षता सम्बन्धी अध्ययन, (स्नातकोत्तर तह, अप्रकाशित), शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि.।

सापकोटा, पुनप्रसाद, (२०६८), सुर्खेत जिल्लाका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूको नेतृत्व शैली, (स्नातकोत्तर तह, अप्रकाशित), शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि.।

श्रेष्ठ, चन्द्रबहादुर (२०७५), शैक्षिक व्यवस्थापन र नेतृत्वका सिद्धान्तहरू, भुँडीपुराण प्रकाशन, बागबजार, काठमाडौँ ।

श्रेष्ठ, चन्द्रबहादुर (२०७५), शिक्षामा संगठनात्मक व्यवहार, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी काठमाडौँ ।

Davis, C. R. (2018). Administrator leadership styles and their impact on school nursing. NASN School Nurse, 33(1), 36-39.

Davis, K. (1968). Evolving models of organizational behavior. Academy of management journal, 11(1), 27-38.

Fiedler, F. E. (1986). The contribution of cognitive resources and leader behavior to organizational performance 1. Journal of Applied Social Psychology, 16(6), 532-548.

Hersey, P., & Blanchard, K. H. (1997). Situational leadership. Mid American Journal of business, 12(2), 5-11.

Khan, M. S., Khan, I., Qureshi, Q. A., Ismail, H. M., Rauf, H., Latif, A., & Tahir, M. (2015). The styles of leadership: A critical review. Public Policy and Administration Research, 5(3), 87-92.

Martin, J. L. (1993). Academic Deans: An Analysis of Effective Academic Leadership at Research Universities the Annual Meeting of the American Educational Research Association Atlanta.

Moore, L. L., & Rudd, R. D. (2005). Extension leaders' self-evaluation of leadership skill areas. Journal of Agricultural Education, 46(1), 68-78.

Shrestha, C. B. (2075). Theories of educational management and leadership. Bhundipuran Prakashan.

Stogdill, R. M. (1950). Leadership, membership and organization. Psychological bulletin, 47(1), 1.

Tead, O. (1942). The development of leadership power. AJN The American Journal of Nursing, 42(8), 867-872.